19th of August

यो आकाशवाणी हो

समाचार अनुशीला शर्माबाट सुन्नुहोस

मुख्य समाचारहरुबाट

- बिहारमा मतदाता सूची पुनरीक्षण मुद्दा बीच  संसदको दुवै सदनको कार्यवाही बाधित
- राज्यसभाले खानी तथा खनिज संशोधन विधेयक, 2025 पारित
- लोकसभाले गर्यो भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, 2025 पारित
- प्रधानमन्त्री मोदी र अन्तरिक्ष यात्री शुक्लाबीच भेट
- एशियन शूटिङ च्याम्पियनशिपमा भारतकी मनु भाकरले पाप्त गरिन् कांस्य पदक

बिहारमा मतदाता सूची पुनरीक्षण मुद्दा बीच  संसदको दुवै सदनको कार्यवाही बाधित

बिहारमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणको विषयलाई लिएर आज संसदको दुवै सदन—लोकसभा र राज्यसभाको कार्यवाही अवरुद्ध भयो। लोकसभा 3 पटक स्थगित भएपछि अन्ततः दिनभरका लागि रोकियो भने राज्यसभा पनि 1 पटक स्थगित भएपछि पूरै दिनका लागि स्थगित गरियो।

दिउँसो 4 बजे कार्यवाही पुनः सुरु हुँदा विपक्षी सांसदहरूले नारा जुलुस गर्दै आसन अगाडि विरोध जनाए। यसैबीच, लोकसभाले भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, 2025 पारित गर्‍यो। त्यसपछि सभापतिले कार्यवाही दिनभरका लागि स्थगित गर्नभयो। आजको कार्यवाहीको सुरुवातमै लोकसभा अध्यक्ष ओम बिरलाले संसदमा अब कश्मीरी, कोङ्कणी र संथाली भाषामा पनि प्रत्यक्ष अनुवाद सुविधा उपलब्ध भएको घोषणा गर्नुभयो। यससँगै संविधानको 8औँ अनुसूचीमा रहेका सबै 22 भाषामा अनुवाद सुविधा उपलब्ध भएको उहाले

जानकारी दिनुभयो। तर, विपक्षी दलहरूले मतदाता सूची पुनरीक्षणबारे छलफल माग्दै विरोध गरेपछि प्रश्नोत्तरकाल पनि प्रभावित भयो। राज्यसभामा पनि यस्तै अवस्था रह्यो। बिहानै 11 बजे उपसभापति हरिवंशले विपक्षका 20 स्थगन प्रस्ताव अस्वीकार गरेपछि हल्ला सुरु भयो। शून्यकाल सञ्चालन गर्न प्रयास गर्दा पनि विपक्षी सदस्यहरूको विरोध रोकिएन। अन्ततः दिउँसो 2 बजे पुनः बैठक सुरु हुँदा खानी तथा खनिज (विकास तथा विनियमन) संशोधन विधेयक, 2025 पारित गरियो र त्यसपछि पूरै दिनका लागि सदन स्थगित गरियो।

राज्यसभाले खानी तथा खनिज संशोधन विधेयक, 2025 पारित

राज्यसभाले खानी तथा खनिज (विकास तथा विनियमन) संशोधन विधेयक, 2025 पारित गरेको छ। BYTEE यसले खानी तथा खनिज ऐन, 1957 मा थप संशोधन गर्नेछ। विधेयक अनुसार, खानी पट्टाधारकले मौजुदा पट्टामा अन्य खनिज थप गर्नका लागि राज्य सरकारसँग अनुमति लिन सक्नेछन्। विधेयक प्रस्तुत गर्दै कोइला तथा खानी मन्त्री जी. किशन रेड्डीले 2014 अघि खानी क्षेत्रमा फैलिएको भ्रष्टाचार अन्त्य गर्न निरन्तर सुधार हुँदै आएको बताउनु भयो । उहाले यो संशोधन भारतलाई खनिज क्षेत्रमा आत्मनिर्भर बनाउनतर्फको महत्त्वपूर्ण कदम भएको उल्लेख गर्नुभयो।

लोकसभाले भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, 2025 पारित

लोकसभाले आज भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, 2025 पारित गरेको छ byteee...। शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले विधेयक प्रस्तुत गर्दै यसले भारतीय व्यवस्थापन संस्थान अधिनियम, 2017 मा थप संशोधन गर्ने र देशको उच्च शिक्षालाई अझ सुदृढ बनाउने उद्देश्य रहेको बताउनुभयो। विधेयकले असमको गुवाहाटीमा भारतीय व्यवस्थापन संस्थान (IIM) स्थापना गर्ने प्रावधान गरेको छ। सरकारका तर्फबाट IIM गुवाहाटीका लागि 550 करोड

रुपैयाँको अनुदान छुट्याइएको जानकारी दिइयो। श्री प्रधानले हाल देशभर 21 वटा IIM सञ्चालनमा रहेको र ती संस्थानहरू शिक्षा क्षेत्रमा एक बलियो ब्रान्डका रूपमा स्थापित भइसकेको उल्लेख गर्नुभयो। उहाँका अनुसार, विदेशमा पनि भारतीय व्यवस्थापन संस्थानप्रतिको माग बढ्दै गएको छ र आगामी महिना दुबईमा IIM को नयाँ क्याम्पस सञ्चालनमा आउनेछ।

## प्रधानमन्त्री मोदी र अन्तरिक्ष यात्री शुक्लाबीच भेट

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतलाई आगामी अन्तरिक्ष अभियानहरूमा अघि बढाउन अन्तरिक्ष यात्रुहरूको ठूलो समूह आवश्यक भएको बताउनुभयो। उहाले नयाँ दिल्लीमा अन्तरिक्ष यात्री ग्रुप क्याप्टेन शुभांशु शुक्लासँगको भेटमा भारतका दुई प्रमुख परियोजना—भारत अन्तरिक्ष स्टेशन र गगनयान—लाई सफल बनाउन शुक्लाको अनुभव उपयोगी हुने बताउनुभयो।

केही दिन अघि अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (ISS) मा ऐतिहासिक यात्रा पूरा गरी स्वदेश फर्किएका शुक्लाले यो उपलब्धि राष्ट्रको सफलता भएको बताउनुभयो। उहाले चन्द्रयान–2 असफल भए पनि सरकारको निरन्तर समर्थनका कारण चन्द्रयान–3 सफल भएको स्मरण गर्नुभयो।। प्रधानमन्त्रीले श्री शुक्लाको उपलब्धिमा गर्व व्यक्त गर्दै बधाई दिनुभयो। सो अवसरमा शुक्लाले प्रधानमन्त्रीलाई Axiom–4 मिशनको प्याच र अन्तरिक्ष स्टेशनबाट खिचिएका पृथ्वीका तस्वीरहरू उपहार पनि दिनुभयो।

## निर्वाचन आयोगद्वारा 28 सुधारात्मक कदम : पारदर्शिता र सहज मतदानतर्फ पहल

निर्वाचन आयोगले पछिल्ला छ महिनाभित्र चुनाव प्रक्रिया सुचारु र प्रभावकारी बनाउन 28 वटा सुधारात्मक कदम उठाएको जनाएको छ। आयोगले जारी गरेको वक्तव्यअनुसार, यी कदमहरूमा सबै सरोकारवालालाई समेट्ने, निर्वाचन प्रणालीलाई सबल र पारदर्शी बनाउने,

प्रौद्योगिकीको प्रयोग बढाउने, मतदान प्रक्रियालाई सहज बनाउने, मतदाता नामावलीलाई शुद्ध राख्ने र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सामेल छन्। यी सुधारात्मक कदमहरू अन्तर्गत गैर–सक्रिय दर्ता भएका गैर–मान्यता प्राप्त राजनीतिक दलहरूलाई सूचीबाट हटाउने, सबै मतदान केन्द्रमा शतप्रतिशत वेबकास्टिङ गर्ने, बिहारमा विशेष गहिरो पुनरीक्षण गर्ने, राजनीतिक दलहरूले नियुक्त गरेका बूथ तहका प्रतिनिधिहरूलाई तालिम दिने तथा राष्ट्रिय राजधानीमा बूथ तहका अधिकृत र सुपरवाइजरहरूलाई तालिम दिने कार्यहरू गरिएका छन्।

ट्रम्प–पुटिनबीच युक्रेन संकटबारे टेलिफोन वार्ता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आज टेलिफोन वार्ता भयो। क्रेमलिनका अनुसार यो वार्ता ट्रम्पले हालै वाशिङटनमा युक्रेनी राष्ट्रपति जेलेंस्की र युरोपेली नेताहरूसँग गरेको छलफलपछि भएको हो। श्री पुटिनले श्री ट्रम्पको शान्ति पहलको स्वागत गर्दै आगामी वार्तामा उच्चस्तरीय अधिकारीहरूलाई सहभागी गराउनेबारे सहमति जनाउनु भयो। दुवै नेताले युक्रेनसहित अन्तर्राष्ट्रिय विषयमा नियमित सम्पर्क कायम गर्ने निर्णय गर्नुभएको छ। यसैबीच, रुसले ब्रिटेनलाई युक्रेन संकट समाधानमा अमेरिका–रुसका प्रयासलाई कमजोर पार्ने गतिविधिबाट टाढा रहन चेतावनी दिएको छ।

एशियन शूटिङ च्याम्पियनशिपमा भारतकी मनु भाकरलाई कांस्य पदक

भारतकी दुई पटककी ओलम्पियन मनु भाकरले एशियन शूटिङ च्याम्पियनशिपको महिला 10 मिटर एयर पिस्टल स्पर्धामा कांस्य पदक जित्नुभएको छ। भाकरले क्वालिफिकेशनमा 583 अंक सहित फाइनलमा प्रवेश गरी अन्तिममा 219.7 अंकसहित तेस्रो स्थान हासिल गर्नुभयो। चीनकी चियाङ्के मा र दक्षिण कोरियाकी याङ जिन क्रमशः पहिलो र दोस्रो भए।

यससँगै भारतले टोलीगत प्रतिस्पर्धामा पनि कांस्य जित्यो। भाकर, सुरुची सिंह र पलकले संयुक्त रूपमा 1730 अंक प्राप्त गरेका थिए।

एशियन शूटिङ च्याम्पियनशिपको पहिलो दिनमै भारतले विभिन्न कनिष्ठ, युवा र वरिष्ठ समूहमा दुई स्वर्ण, तीन रजत र एक कांस्य पदक जित्दै शानदार सुरुवात गरेको छ।

अन्त्यमा मुख्य समाचार फेरी एक पल्ट

- बिहारमा मतदाता सूची पुनरीक्षण मुद्दा बीच संसदको दुवै सदनको कार्यवाही बाधित
- राज्यसभाले खानी तथा खनिज संशोधन विधेयक, 2025 पारित
- लोकसभाले गर्यो भारतीय व्यवस्थापन संस्थान (संशोधन) विधेयक, 2025 पारित
- प्रधानमन्त्री मोदी र अन्तरिक्ष यात्री शुक्लाबीच भेट
- एशियन शूटिङ च्याम्पियनशिपमा भारतकी मनु भाकरले पाप्त गरिन् कांस्य पदक